# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०५** **संख्याः ०६**

**मितिः २०७८/०३/२५**

## भाग-२

# राक्सिराङ गाउँपालिका

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## आ.व. २०७८/०७९ को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

संवत २०७८ सालको कार्यविधि नं. ६८

# आ.व. २०७८/०७९ को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

**प्रस्तावनाः**

चालु आर्थिक वर्षका निमित्त सेवा र कार्यहरुका लागि खर्च गर्न गाउँ सभाले विनियोजन गरेको बजेट तथा स्वीकृत गरेको कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

राक्सिराङ्ग गाउँ कार्यपालिकाको मिति २०७८।०३।२५ गते बसेको ६५ औं बैठकले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "राक्सिराङ्ग गाउँपालिकाको आ.व. २०७८/०७९ को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँ सभा" भन्नाले राक्सिराङ्ग गाउँ सभा सम्झनु पर्छ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले राक्सिराङ्ग गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "तलिम कार्यक्रम" सीप तथा क्षमता विकाससँग सम्वन्धित सवै तालिम कार्यक्रम सम्झनु पर्छ र सो शब्दले अभिमुखिकरण, गोष्ठी लगायतका कार्यक्रमहरुलाई समेत जनाउनेछ ।

(घ) "शैक्षिक गुणस्तर सुधार" गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको पठन, पाठनमा सुधार गर्ने सवै क्रियाकलापहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## कार्यक्रम कार्यान्वयन कार्यविधि

३. **कार्यक्रम कार्यान्वयन कार्यविधि** : आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि गाउँ सभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसूचि १ बमोजिम कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

तर, सशर्त बजेट कार्यक्रमको हकमा तत् तत् सरकारद्धारा जारी कार्यविधि, निर्देशिका, मार्गदर्शन वमोजिम कार्यान्वयन हुनेछ ।

## परिच्छेद-३
## विविध

४. **वाधा अड्काउ फुकाउने अधिकार** : यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी फुकाउन सक्नेछ ।

# अनुसूची-१
## (दफा ३ सँग सम्वन्धित)

| क्र.सं | कार्यक्रम | उदेश्य | प्रक्रिया | कै. |
|---|---|---|---|---|
| **स्थानीय गौरव तर्फ :** | | | | |
| १. | **स्थानीय गौरवका आयोजनाहरु : चेपाङ्ग संग्राहलय तथा कोशेली घर, केन्द्रीय प्रशासनिक भवन निर्माण** | १. चेपाङ्ग जातीको कला, संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने ।<br>२.सेवा प्रवाहलाई थप सरल, सहज र प्रभावकारी वनाउने । | १. भाद्र महिनाबाट तीव्र गतिमा निर्माण कार्यारम्भ गर्ने ।<br>२. प्राविधिक शाखाबाट निर्माण कार्यलाई प्रभावकारी वनाउन १/१ जना प्राविधिक कर्मचारीलाई साइट इन्चार्ज र सह इन्चार्ज तोकी खटाउने ।<br>३. गाउँ कार्यपालिकाको कार्यालय र जनप्रतिनिधिबाट नियमित अनुगमन तथा मूल्यांकन गर्ने । | |

| क्र.सं | कार्यक्रम | उदेश्य | प्रक्रिया | कै. |
|---|---|---|---|---|
| २. | **वोटवारी परेवाभिर सडक स्तरोन्नती** | राक्सिराङ्ग ४ र ९ का नागरिकको आवागमनलाई सहज वनाउँदै धादिङ्गसँग जोडने । | १. निर्माण कार्यलाई भाद्र महिनाबाट थप तीव्र वनाउने ।<br>२. प्राविधिक शाखाबाट निर्माण कार्यलाई प्रभावकारी वनाउन १/१ जना प्राविधिक कर्मचारीलाई साइट इन्चार्ज र सह इन्चार्ज तोकी खटाउने ।<br>३. गाउँ कार्यपालिकाको कार्यालय र जनप्रतिनिधिबाट नियमित अनुगमन तथा मूल्यांकन गर्ने । | |
| ३. | **सूर्योदय मा. वि. वालीविज्ञान अनुदान** | प्राविधिक शिक्षाको माध्यमबाट सीपयुक्त जनशक्ति निर्माण गर्ने । | १. नेपाल सरकार, शिक्षा मन्त्रालयबाट श्री सूर्योदय मा.वि., पलाँसेमा प्राविधिक शिक्षाको पाटो थप भएको हुँदा गाउँपालिकाले पनि प्राविधिक शिक्षाको पाटोमा सहयोग गर्नेछ ।<br>२. शिक्षा शाखाले प्राविधिक शिक्षाको सहयोगका क्षेत्रहरुको पहिचान गर्नेछ ।<br>३. गाउँ शिक्षा समितिको निर्णयानुसार शिक्षा शाखाले दोहोरोपना नपर्ने गरी सहयोगको प्रकृया अघि बढाउनेछ ।<br>४. गाउँपालिकाबाट आवश्यकतानुसार अनुगमन तथा मूल्यांकन हुनेछ । | |

| क्र.सं | कार्यक्रम | उदेश्य | प्रक्रिया | कै. |
|---|---|---|---|---|
| ४. | **खाद्य सुरक्षा कार्यक्रम** | गाउँपालिकामा पर्नसक्ने सम्भावित खाद्य संकटको समस्यालाई न्यूनीकरण गर्ने । | १. गाउँपालिकाले तयार गरेको खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना अनुरुपका कार्यक्रमहरु सञ्चालन गर्नेछ ।<br>२. गाउँपालिकाले प्रदेश सरकारसँगको सहकार्यमा निर्माण गरेको खाद्य गोदामलाई खाद्य सुरक्षा बैंकको रुपमा प्रयोगमा ल्याउनेछ ।<br>३. गाउँ कार्यपालिकाको निर्णयानुसार गाउँपालिकाको कृषि शाखाले वा गैर सरकारी संस्थासँगको साझेदारीमा खाद्य सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।<br>४. गाउँ कार्यपालिकाको कृषि शाखाले नियमित रुपमा अनुगमन, मूल्यांकन तथा पृष्ठपोषण गर्नेछ । | |
| ५. | **राक्सिराङ्ग सामुदायिक रेडियो सञ्चालन कार्यक्रम** | सूचनाको हक र पारदर्शितालाई प्रवर्द्धन गर्दै नागरिकमैत्री सेवा प्रवाह गर्ने । | १. गाउँपालिकाले सामुदायिक स्तरमा सञ्चालनमा रहेका एफ.एम. वा सामुदायिक स्तरमा एफ.एम. सञ्चालन गर्न चाहने संघ, संस्थाहरुसँग प्रस्ताव आब्हान गर्नेछ ।<br>२. प्राप्त प्रस्तावहरुमध्ये आर्थिक तथा प्राविधिक दृष्टिकोणले अब्वल ठहरिएको संघ, संस्थालाई छनौट गरी साझेदारीमा एफ.एम. सञ्चालन गर्न द्धिपक्षीय सम्झौता गरी सञ्चालन अनुदान उपलब्ध गराउने छ ।<br>३. सामुदायिक एफ.एम. गाउँपालिका क्षेत्रभित्र सञ्चालन गर्नुपर्नेछ ।<br>४. सामुदायिक एफ.एम.ले गाउँपालिकाको सूचना, सन्देशहरु प्रशारण गर्नुपर्नेछ ।<br>५. सामुदायिक एफ.एम. सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा गाउँ कार्यपालिकाले आवश्यक कार्यविधि वनाई लागु गर्न सक्नेछ । | |

| क्र.सं | कार्यक्रम | उदेश्य | प्रक्रिया | कै. |
|---|---|---|---|---|
| ६. | **खरको छाना विस्थापन कार्यक्रम** | विपद् जोखिमको दृष्टिले जोखिमयुक्त विपन्न वर्गको खरको छाना विस्थापन गर्ने । | १. गाउँपालिकाले आ.व. २०७७/०७८ मा प्रदेश सरकारको सशर्त कार्यक्रममा पेश्की लिई वर्षातको कारण सम्पन्न गर्न नसकेका समुदायलाई पहिलो प्राथमिकतामा राखी विपन्न परिवारको खरको छाना विस्थापन गर्नेछ ।<br>२. गाउँपालिकाले खरको छाना विस्थापन गर्ने कार्यलाई चैत्र महिना भित्र सम्पन्न गर्नेछ ।<br>३. प्राविधिक शाखाबाट कामको गुणस्तरको नियमित परीक्षण हुनेछ ।<br>४. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन तथा मूल्यांकन गरिनेछ । | |
| ७. | **चेपाङ्लाई विजुली कार्यक्रम** | विपन्न चेपाङ समुदायको बस्तीमा विद्युतीकरण मार्फत उद्योगधन्दाको विकास गर्ने । | १. नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा गाउँपालिकाले चेपाङ्लाई विजुली कार्यक्रम कार्यान्वयन गर्नेछ ।<br>२. गाउँपालिकाले विपन्न चेपाङ समुदायलाई लक्षित गरेर यो कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन तथा मूल्यांकन हुनेछ । | |

| क्र.सं | कार्यक्रम | उदेश्य | प्रक्रिया | कै. |
|---|---|---|---|---|
| ८. | **बोटवारी सरिखेत पक्कि पुल निर्माण (बहुवर्षीय)** | साविक सरिखेत गाविस ७ साविक राक्सिराङ, खैराङ तथा काँकडा गाविसको आवागमनलाई सहज तुल्याउने । | १. कार्तिक महिनाभित्र वोलपत्रसम्वन्धी सूचना प्रकाशन गरी निर्माण प्रकृया अघि बढाइने छ ।<br>२. प्राविधिक शाखाबाट निर्माण कार्यलाई प्रभावकारी वनाउन १/१ जना प्राविधिक कर्मचारीलाई साइट इन्चार्ज र सह इन्चार्जको तोकी खटाउने ।<br>३. गाउँ कार्यपालिकाको कार्यालय र जनप्रतिनिधिबाट नियमित अनुगमन तथा मूल्यांकन गर्ने । | |

| कृषि तर्फ | | | | |
|---|---|---|---|---|
| ९. | आकस्मिक रोग नियन्त्रण कार्यक्रम | व्यवसायिक कृषि पद्धतिको विकास मार्फत कृषि पेशा, व्यवसायमा कृषकलाई आकर्षित गर्ने । | १. कृषि वालीमा लाग्न सक्ने आकस्मिक रोगहरुको नियन्त्रण गर्ने ।<br>२. कृषि वालीमा लाग्न सक्ने आकस्मिक रोगहरुको वारेमा कृषकलाई अभिमुखीकरण गर्ने ।<br>३. सम्भावित आकस्मिक रोग निवारणका लागि आवश्यक औषधी, विषदी खरीद गरी भण्डारण गर्ने ।<br>४. गाउँपालिकाले यो कार्यक्रम सञ्चालनको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>५. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गर्ने । | |
| १०. | प्लाष्टिक पोखरी अनुदान कार्यक्रम | कृषियोग्य भूमिलाई खेतीयोग्य बनाई कृषि उपज उत्पादनमा वृद्धि गर्ने । | १. वडा कार्यालय मार्फत प्लाष्टिक पोखरी वितरण गर्ने क्षेत्रहरु पहिचान गर्ने ।<br>२. वडा कार्यालयको सिफारिसमा कृषि सहकारी वा कृषि समूहलाई आवश्यक्तानुसार प्लाष्टिक पोखरी वितरण कृषि शाखाले गर्ने ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वाड तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ११. | **बाली बीमा कार्यक्रम** | कृषि पेशा प्रतिको अनिश्चितता न्यूनीकरण गर्दै युवा वर्गलाई कृषि पेशामा आकर्षित गर्ने । | १. वडा कार्यालय मार्फत व्यवसायिक कृषकको पहिचान गर्ने ।<br>२.व्यवसायिक रुपमा कृषि पेशामा संलग्न कृषकलाई ५० प्रतिशत लागत साझेदारीमा गाउँपालिकाले धान, मकै, दलहन, तेलहन, नगदे वालीको वीमा गरिदिने ।<br>३. वडा कार्यालयबाट व्यवसायिक कृषकको पहिचान मंसिर महिना भित्र गरिसक्ने र गाउँपालिकाले वाली वीमा कार्यक्रम पौष १५ भित्र गरिसक्ने ।<br>४. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>५. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| १२. | **मसला वाली प्रवर्द्धन कार्यक्रम** | मसला वालीमा गाउँपालिका लाई आत्मनिर्भर बनाउने । | १. गाउँपालिका स्तरीय माटो परीक्षणबाट मसला वालीको लागि पकेट क्षेत्र पहिचान गर्ने ।<br>२. मसला वाली हुने क्षेत्रका कृषकलाई मसला वालीको लागि आवश्यक पर्ने विउ, विजन, मल, अभिमुखीकरण तालीम कृषि शाखाले गर्ने ।<br>३. गाउँपालिका कृषि शाखाले माटो परीक्षणको कार्य मंसिर महिना भित्र सम्पन्न गरी थप कार्य अघि बढाउने ।<br>४. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>५. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| १३. | **नगदे वाली पकेट कार्यक्रम** | नगदे वाली मार्फत कृषकको आय आर्जनमा वृद्धि गर्ने । | १. गाउँपालिका स्तरीय माटो परीक्षणबाट नगदे वालीहरुको लागि पकेट क्षेत्र पहिचान गर्ने ।<br>२. नगदे वाली हुने क्षेत्रका कृषकलाई नगदे वालीको लागि आवश्यक पर्ने विउ, विजन, मल, अभिमुखीकरण, तालीम कृषि शाखाले गर्ने ।<br>३. गाउँपालिका कृषि शाखाले माटो परीक्षणको कार्य मंसिर महिना भित्र सम्पन्न गरी थप कार्य अघि बढाउने ।<br>४. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>५. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| १४. | **बेमौसमि तरकारीको लागि प्लास्टीक टनेल कार्यक्रम** | परम्परागत कृषि पेशालाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने । | १. गाउँपालिका स्तरीय माटो परीक्षणबाट कृषि उत्पादनका पकेट तथा जोन क्षेत्र पहिचान गर्ने ।<br>२. पकेट तथा जोन क्षेत्रमा आवश्यक पर्ने विउ, विजन, मल, अभिमुखीकरण, तालीमसँगै कृषि सहकारी वा समूह वा कृषकलाई प्लाष्टिक टनेल वितरण कृषि शाखाले गर्ने ।<br>३. गाउँपालिका कृषि शाखाले माटो परीक्षणको कार्य मंसिर महिना भित्र गरी थप कार्य अघि बढाउने ।<br>४. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>५. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| १५. | **रासायनिक मल ढुवानी अनुदान कार्यक्रम** | कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने । | १. गाउँपालिकाका प्रत्येक वडाका एक/एक सहकारीलाई रसायनिक मल ढुवानी गर्न आर्थिक विकास समितिले निर्धारण गरेको दरमा ढुवानी अनुदान गाउँपालिकाले दिनेछ ।<br>२. ढुवानी अनुदानको लागि कृषि सहकारी संस्थाले ढुवानीको अनुमति वडाको सिफारिसमा गाउँपालिकाबाट लिनुपर्नेछ ।<br>३. कृषि सामाग्री कम्पनी वा संस्थासँग खरिद गरेको वील र वडामा समन्यायिक ढंगले वितरण भएको भन्ने वडाको सिफरिसको आधारमा कृषि शाखाले पेश गरेपश्चात आर्थिक प्रशासन शाखाले ढुवानी अनुदानको रकम भुक्तानी दिनेछ ।<br>४. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>५. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |
| १६. | **करेसाबारी तथा व्यवसायिक तरकारी बिउ वितरण तथा तालिम** | स्थानीयवासीलाई तरकारीमा आत्मनिर्भर बनाउने । | १. वडा कार्यालय तथा स्वास्थ्य शाखाको सिफारिसमा गर्भवती महिला, विपन्न, दलित, आदिवासी जनजाती समुदायको परिवारलाई करेसावारी तरकारी खेती सम्वन्धी सामान्य अभिमुखीकरण कार्यक्रम गरी विउ, मल, विषद्धी वितरणको कार्य कृषि शाखाले गर्नेछ ।<br>२. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>३. आवश्यकतानुसार वाड तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| १७. | प्राङ्गारिक झारपात वस्तुको पिसाव संकलन विषाधी कार्यक्रम | कृषकलाई अर्गानिक खेती प्रणाली तर्फ आकर्षित गर्ने । | १. कृषि शाखाले कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकलाई प्राङ्गरिक झारपात वस्तुको पिसाव संकलन विषाधी तयार सम्वन्धी अभिमुखीकरण कार्यक्रमको लागि निवेदन आव्हान गर्नेछ ।<br>२. आर्थिक विकास समितिले प्राप्त निवेदनहरु उपर जाँचवुझ गरी कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषक छनोट गर्नेछ र छनोट भएकालाई प्राङ्गरिक झारपात वस्तुको पिसाव संकलन विषाधी कृषि शाखाले अभिमुखीकरण गरी आवश्यक औजार तथा उपकरण वितरण गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वाड तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| १८. | **जैविक मल अनुदान** | कृषकलाई अर्गानिक खेती प्रणाली तर्फ आकर्षित गर्ने । | १. कृषि विकास शाखाले कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकलाई जैविक मल अनुदान कार्यक्रमको अभिमुखिकरणको लागि निवेदन आब्हान गर्नेछ ।<br>२. प्राप्त निवेदनहरु उपर अर्थिक विकास समितिले छानविन गरी कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकको छनोट गर्नेछ र छनोट भएकालाई जैविक मल अनुदान कार्यक्रमको अभिमुखिकरण गरी आवश्यक औजार, उपकरण वितरण गर्ने कार्य कृषि शाखाले गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वाड तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |
| १९. | **उन्नत जातको धान, मकैको विउ वितरण कार्यक्रम** | कृषि वालीको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने । | १. वडा कार्यालयको सिफारिसमा वडाका कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकलाई उन्नत जातको धान, मकैंको वारेमा कृषि शाखाले अभिमुखीकरण गरी उत्पादनको आधारमा मौसम अनुसार वडा कार्यालय मार्फत धान, मकैंको विउ वितरण गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वाड तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| २०. | IPM सम्बन्धी ३ दिने तालिम | कृषकहरुको क्षमता अभिवृद्धि गर्ने । | १. कृषि विकास शाखाले कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकलाई **IPM** सम्वन्धी तालीमको लागि निवेदन आब्हान गर्नेछ ।<br>२. प्राप्त निवेदनहरु उपर अर्थिक विकास समितिले छानविन गरी कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकको छनोट गर्नेछ र छनोट भएकालाई कृषि शाखाले **IPM** सम्वन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वाड तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |
| २१. | माछा भुरा अनुदान | गाउँपालिकालाई माछामा आत्मनिर्भर बनाउने । | १. कृषि/पशु विकास शाखाले कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकलाई माछाको भुरा अनुदान दिनको लागि निवेदन आब्हान गर्नेछ ।<br>२. प्राप्त निवेदनहरु उपर अर्थिक विकास समितिले छानविन गरी कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकको छनोट गर्नेछ र छनोट भएकालाई माछा पालन सम्वन्धी तालीम कृषि/पशु शाखाले गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वाड तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| २२. | **आधुनिक कृषि औजार वितरण कार्यक्रम** | कृषकको क्षमता विकास मार्फत कृषि क्षेत्रको आधुनिकीकरण गर्ने । | १. कृषि विकास शाखाले कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकलाई ७५ प्रतिशत अनुदानमा आधुनिक कृषि औजार वितरणको लागि निवेदन आब्हान गर्नेछ ।<br>२. प्राप्त निवेदनहरु उपर अर्थिक विकास समितिले छानविन गरी कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकको छनोट गर्नेछ र छनोट भएकालाई आधुनिक औजार वितरण गर्ने कार्य कृषि शाखाले गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वाड तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |
| २३. | **भकारो सुधार कार्यक्रम** | कृषकको क्षमता विकास मार्फत कृषि क्षेत्रको आधुनिकीकरण गर्ने । | १. कृषि विकास शाखाले कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकलाई भकारो सुधार कार्यक्रमको अभिमुखिकरणको लागि निवेदन आब्हान गर्नेछ ।<br>२. प्राप्त निवेदनहरु उपर अर्थिक विकास समितिले छानविन गरी कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकको छनोट गर्नेछ र छनोट भएकालाई भकारो सुधार कार्यक्रमको अभिमुखिकरण गर्ने कार्य कृषि शाखाले गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वाड तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| २४. | **अध्यक्ष किसान लगानी कोष** | युवा वर्गलाई कृषि पेशातर्फ आकर्षित गर्ने । | १. व्यवसायिक कृषि खेती वा पशुपालन गरेका कृषकहरुलाई अध्यक्ष किासान लगानी कोषमा आवद्ध हुन सूचना आब्हान गरिनेछ ।<br><br>२. प्राप्त निवेदनहरु उपर अर्थिक विकास समितिले छानविन गरी कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकको छनोट गर्नेछ र छनोट भएकालाई जैविक मल अनुदान कार्यक्रमको अभिमुखिकरण गरी आवश्यक औजार, उपकरण वितरण गर्ने कार्य कृषि शाखाले गर्नेछ ।<br><br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br><br>४. आवश्यकतानुसार वाड तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| पशु सेवा विकास तर्फ | | | | |
|---|---|---|---|---|
| २५. | पशु आहार विकास | पशुपालक कृषकहरुमा व्यवसायिकता प्रवर्द्धन गर्दै युवा वर्गलाई पशु पालन तर्फ आकर्षित गर्ने । | १. माटो परीक्षण गरी कुन क्षेत्रमा के कस्ता किसिमका घाँस उत्पादन हुन्छन सो को पहिचान गर्ने ।<br>२. जुन क्षेत्रमा जुन किसिमको जैघाँस वा डाले घाँस (किम्वु, इपिल इपिल, वडहर, वकाइनो, राइखनियो) उत्पादन हुन्छ सो क्षेत्रमा सोही घाँसको विउ वा वेर्ना वितरण पशु सेवा शाखाले गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि पशु सेवा शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>५. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |
| २६. | पशु स्वास्थ्य कार्यक्रम | पशु स्वास्थ्यमा सुधार गर्दै पशु पालन तर्फ कृषकलाई आकर्षित गर्ने । | १. गाउँपालिकास्तरमा एक आधुनिक र सुविधासम्पन्न पशु स्वास्थ्य प्रयोगशाला निर्माण गरिनेछ ।<br>२. खोरेत, चरचरे, पड्के, रानीखेत, रेविज, स्वाइन फिवर, पिपिआर लगायतका रोग नियन्त्रण सेवा कार्यक्रम सञ्चालन गर्न आवश्यक औषधी खरिद गर्ने ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि पशु सेवा शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| २७. | **पशु स्वास्थ्य शिविर कार्यक्रम** | पशु स्वास्थ्यमा सुधार गर्दै पशु पालन तर्फ कृषकलाई आकर्षित गर्ने । | १. गाउँपालिकाको सवै वडामा न्यूनतम एक दिनको पशु स्वास्थ्य शिविर कार्यक्रम पशु सेवा विकास शाखाले गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि पशु सेवा शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |
| २८. | **प्रयोगशाला औजार उपकरण खरिद तथा प्रयोगशालासेवा कार्यक्रम** | पालिकास्तरीय पशु सेवा प्रयोगशाला निर्माण गरी पशु स्वास्थ्यको अवस्था सुधार गर्ने । | १. गाउँपालिकास्तरमा पशुपंक्षीको उपचार गर्न एक पशु स्वास्थ्य प्रयोगशाला निर्माण जिन्सी शाखाको सहयोगमा पशु सेवा विकास शाखाले गर्नेछ ।।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि पशु सेवा शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |
| २९. | **नश्ल सुधार कार्यक्रम** | पशुपालक कृषकहरुमा व्यवसायिकता प्रवर्द्धन गर्ने । | १. गाउँपालिकाको पशु प्राविधिक कर्मचारीलाई कृतिम गर्भाधान सम्वन्धी तालिम दिई पशु सेवा विकास शाखा मार्फत कृतिम गर्भाधानको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. पशु सेवा विकास शाखाले व्यवसायिक पशु पालन समूह वा पशु पालन कृषकले माग गरेको बखतमा सेवा उपलब्ध गराउनेछ ।<br>३. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रम अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३०. | **साझेदारीमा पशु बीमा कार्यक्रम** | पशुपंक्षी पालन पेशा प्रतिको अनिश्चितता न्यूनीकरण गर्दै युवा वर्गलाई पशुपंक्षी पालन पेशामा आकर्षित गर्ने । | १. पशु सेवा विकास शाखाले कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकलाई पशुपंक्षी वीमा कार्यक्रमको लागि निवेदन आब्हान गर्नेछ ।<br>२. प्राप्त निवेदनहरु उपर अर्थिक विकास समितिले छानविन गरी कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकको छनोट गर्नेछ र छनोट भएकालाई पशुपंक्षी वीमा कार्यक्रमको अभिमुखिकरण सहित ५० प्रतिशत लागत साझेदारीमा गाउँपालिकाले पशुपंक्षीको वीमा गरिदिने ।<br>३. विपन्न र व्यवसायिक पशुपंक्षी पालक कृषकको पहिचान मंसिर महिना भित्र गरिसक्ने र गाउँपालिकाले पशु वीमा कार्यक्रम पौष १५ भित्र गरिसक्ने ।<br>४. गाउँपालिकाले यो कार्यक्रमको लागि पशुपंक्षी सेवा विकास शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>५. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३१. | गोठ सुधार कार्यक्रम | व्यवस्थित ढंगले पशुपालन गर्ने कार्यलाई प्रोत्साहन दिन<br>– | १. पशुपंक्षी सेवा विकास शाखाले कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकलाई गोठ सुधार कार्यक्रमको लागि निवेदन आव्हान गर्नेछ ।<br>२. प्राप्त निवेदनहरु उपर अर्थिक विकास समितिले छानविन गरी कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकको छनोट गर्नेछ र छनोट भएकालाई गोठ सुधार कार्यक्रमको अभिमुखिकरण सहित ५० प्रतिशत लागत साझेदारीमा गाउँपालिकाको पशु सेवा विकास शाखाले गोठ सुधार कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि पशुपंक्षी सेवा विकास शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३२. | **बाख्रा पालन सम्वन्धी तालीम कार्यक्रम** | बाख्रा पालक कृषकलाई बाख्राको स्वास्थ्य सुरक्षाको अनुभूति दिलाउँदै युवा वर्गलाई बाख्रा पालन तर्फ आकर्षित गर्ने । | १. पशुपंक्षी सेवा विकास शाखाले कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा पशुपालक कृषकलाई बाख्रा पालन सम्वन्धी तालीम कार्यक्रमको लागि निवेदन आव्हान गर्नेछ ।<br>२. प्राप्त निवेदनहरु उपर अर्थिक विकास समितिले छानविन गरी कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकको छनोट गर्नेछ र छनोट भएका कृषकलाई बाख्रा पालन सम्वन्धी तालीम दिने कार्य गाउँपालिकाको पशु सेवा विकास शाखाले गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि पशुपंक्षी सेवा विकास शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३३. | **दलित बंगुर वितरण कार्यक्रम** | विपन्न दलित परिवारलाई बंगुर पालन व्यवसायप्रति आकर्षित गर्ने । | १. पशुपंक्षी सेवा विकास शाखाले विपन्न दलित कृषक समूह तथा अगुवा पशुपालक कृषकलाई बंगुर पालन सम्वन्धी अभिमुखीकरण गरी बंगुर वितरण कार्यक्रमको लागि निवेदन आब्हान गर्नेछ ।<br>२. प्राप्त निवेदनहरु उपर अर्थिक विकास समितिले छानविन गरी कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकको छनोट गर्नेछ र छनोट भएकालाई बंगुर पालन सम्वन्धी अभिमुखीकरण सहित बंगुर वितरण गर्ने कार्य गाउँपालिकाको पशु सेवा विकास शाखाले गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि पशुपंक्षी सेवा विकास शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वडा तथा गाउँपालिकाले अनुगमन गर्नेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३४. | **वाखा पकेट क्षेत्रमा वाखा अनुदान कार्यक्रम** | पशुपालक कृषकहरुलाई वाखापालन तर्फ आकर्षित गर्दै मासुमा आत्मनिर्भर वनाउने । | १. पशुपंक्षी सेवा विकास शाखाले बाखा पालन सम्वन्धी तालीम लिएका कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा पशुपालक कृषकलाई बाखा अनुदान कार्यक्रमको लागि निवेदन आव्हान गर्नेछ ।<br>२. प्राप्त निवेदनहरु उपर अर्थिक विकास समितिले छानविन गरी कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकको छनोट गर्नेछ र छनोट भएका कृषकलाई ५० प्रतिशत लागत साझेदारीमा बाखा अनुदान  दिने कार्य गाउँपालिकाको पशु सेवा विकास शाखाले गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रमको लागि पशुपंक्षी सेवा विकास शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>४. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| **सहकारी लक्षित कार्यक्रम** | | | | |
| ४३. | **वित्तीय व्यवस्थापन, लेखा व्यवस्थापन तथा प्रशासनिक सिप विकास तालिम** | सहकारी संस्थाका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने । | १. सहकारी संस्थाका पदाधिकारी तथा सदस्यहरुको लागि वित्तिय व्यवस्थापन, लेखा व्यवस्थापन तथा प्रशासनिक सीप विकासमा आधिरित तालिम कार्यक्रम सञ्चालन गर्नेछ ।<br>२. विज्ञ मार्फत तालीम कार्यक्रमको ढाँचा तयार गराई वडा कार्यालयको सिफारिसका आधारमा सहकारी संस्थाहरुको छनौट गरी गाउँपालिकाको सामाजिक विकास शाखाले तालीम कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा सामाजिक विकास शाखा प्रमुख वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |
| ४४ | **सहकारीलाई फर्निचर सहयोग कार्यक्रम** | सहकारी संस्थाहरुको भौतिक तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने । | १. प्रभावकारी ढंगबाट सञ्चालनमा रहेका सहकारी संस्थासँग लागत साझेदारीमा आवश्यक फर्निचर गाउँ कार्यपालिका सहकारी हेर्ने शाखाले उपलब्ध गराउनेछ ।<br>२. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा सामाजिक विकास शाखा प्रमुख वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>३. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |

| अध्यक्ष रोजगार प्रवर्द्धन कार्यक्रम | | | | |
|---|---|---|---|---|
| ३५. | मोटरसाइकल मर्मत तालिम | युवा वर्गलाई सीपयुक्त जनशक्तिमा रुपान्तरण गरी स्वरोजगार बनाउने । | १. सार्वजनिक सूचना आब्हान गरी बढीमा १० जना युवालाई मोटरसाइकल मर्मत तालिम दिइनेछ ।<br>२. गाउँपालिकाको सामाजिक विकास शाखाले विज्ञहरुद्धारा आफैं वा कुनै संस्था मार्फत मोटरसाइकल मर्मत तालीम कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |
| ३६. | मोवाइल मर्मत तालिम | युवा वर्गलाई सीपयुक्त जनशक्तिमा रुपान्तरण गरी स्वरोजगार बनाउने । | १. सार्वजनिक सूचना आब्हान गरी बढीमा १० जना युवालाई मोवाइल मर्मत तालिम दिइनेछ ।<br>२. गाउँपालिकाको सामाजिक विकास शाखाले विज्ञहरुद्धारा आफैं वा कुनै संस्था मार्फत मोटरसाइकल मर्मत तालीम कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३७. | **हाउस वायरिङ्ग तालिम** | युवा वर्गलाई सीपयुक्त जनशक्तिमा रुपान्तरण गरी स्वरोजगार बनाउने । | १. सार्वजनिक सूचना आब्हान गरी बढीमा १० जना युवालाई हाउस वायरिङ्ग तालिम दिइनेछ ।<br>२. गाउँपालिकाको सामाजिक विकास शाखाले विज्ञहरुद्धारा आफैं वा कुनै संस्था मार्फत मोटरसाइकल मर्मत तालीम कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |
| ३८. | **युवालाई कपाल काट्ने तालिम** | युवा वर्गलाई सीपयुक्त जनशक्तिमा रुपान्तरण गरी स्वरोजगार बनाउने । | १. सार्वजनिक सूचना आब्हान गरी बढीमा १० जना युवालाई कपाल काट्ने तालिम दिने ।<br>२. गाउँपालिकाको सामाजिक विकास शाखाले विज्ञहरुद्धारा आफैं वा कुनै संस्था मार्फत कपाल काट्नेतालीम कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३९. | आधारभूत कम्प्युटर तालीम | युवा वर्गलाई सीप सिकाई आत्मनिर्भर बनाउने । | १. सार्वजनिक सूचना आब्हान गरी हरेक वडाबाट २/२ जना युवा/युवती नछुट्ने गरी बढीमा २० जना युवा/युवतीलाई आधारभूत कम्प्युटर तालिम दिइनेछ ।<br>२. गाउँपालिकाको सामाजिक विकास शाखाले विज्ञहरुद्धारा आफैं वा कुनै संस्था मार्फत सवारी चालक तालीम कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा सामाजिक विकास शाखा प्रमुख वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |
| ४०. | वेकरी सम्बन्धी तालीम | युवा वर्गलाई सीप सिकाई आत्मनिर्भर बनाउने । | १. सार्वजनिक सूचना आब्हान गरी हरेक वडाबाट १/१ जना नछुट्ने गरी बढीमा १० जना युवालाई वेकरी सम्वन्धी तालिम दिइनेछ ।<br>२. गाउँपालिकाको सामाजिक विकास शाखाले विज्ञहरुद्धारा आफैं वा कुनै संस्था मार्फत सेक्युरिटी तालीम कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा सामाजिक विकास शाखा प्रमुख वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ४१. | **व्यवसाय, उद्योग दर्ता शिविर** | स्थानीय स्तरमा सञ्चालित उद्यम, व्यवसायलाई | १. गाउँ कार्यपालिकाले निर्णय गरेको मितिमा सार्वजनिक सूचना आब्हान गरी साविक गाविसको कुनै एक स्थानमा व्यवसाय, उद्योग दर्ता शिविर सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिकाको आर्थिक विकास शाखाले व्यवसाय, उद्योग दर्ता शिविर कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा सामाजिक विकास शाखा प्रमुख वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |

| शिक्षा तर्फ | | | | |
|---|---|---|---|---|
| ४२. | **बाल विकास सहयोगी कार्यकर्ता, विद्यलय कर्मचारी तलव भत्ता** | विाल विकास सहजकर्ता तथा विद्यलय कर्मचारीलाई उत्प्रेरित गर्दै शैक्षिक गुणस्तर बढाउने । | १. गाउँ कार्यपालिकाले वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई संघीय सरकारले बजेट तथा कार्यक्रम पेश गर्दा वाचन गरेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउन संघीय सरकरलाई अनुरोध गर्नेछ ।<br>२. संघीय सरकारले उपलब्ध नगराएमा गाउँ शिक्षा समितिले विनियोजित बजेट समेतलाई मध्यनजर गर्दै संघीय सरकरले उपलब्ध गराएको पारिश्रमिकमा केही रकम थप प्रोत्साहन स्वरुप उपलब्ध गराउने गरी निर्णय गर्नेछ ।<br>३. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |
| ४३. | **कोभिड-१९ बाट सिर्जित विषम परिस्थितिमा शैक्षिक व्यवस्थापन कार्यक्रम** | कोभिड-१९ को विषम परिस्थितिमा वैकल्पिक माध्यमबाट वाललालिकालाई पठनपाठन गराउने । | १. कोभिडको कारण विद्यालयमा सहज रुपमा पठनपाठन गर्न, गराउन नसकिएमा शिक्षा शाखाले वैकल्पिक विधिबाट पठनपाठन गराउने सम्वन्धमा अध्ययन गरी उपयुक्त विकल्प गाउँ शिक्षा समितिलाई पेश गर्नेछ ।<br>२. शिक्षा शाखाले पेश गरेको विकल्पको सम्वन्धमा गाउँ शिक्षा समितिले समेत छलफल गरी वैकल्पिक सिकाई विधि लागु गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ ।<br>३. गाउँ शिक्षा समितिको सिफारिसका आधारमा गाउँ कार्यपालिकाले उल्लेखित शीर्षकमा विनियोजिति बजेट रकमसमेतलाई दृष्टिगत गरी आवश्यक निर्णय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ४४. | **MBBS अध्ययन सहयोग कार्यक्रम** | MBBS अध्ययनमा युवा वर्गलाई आकर्षित गर्ने । | १. गाउँपालिका भित्रका MBBS अध्ययन गर्न चाहने गरिब तथा जेहेन्दार विद्यार्थीलाई गाउँ शिक्षा समितिको निर्णय बमोजिमको MBBS अध्ययन सहयोग कार्यक्रम अन्तर्गत छात्रवृत्ती प्रदान गरिनेछ ।<br>२. यस कार्यक्रमको लागि गाउँपालिकाको शिक्षा शाखाले तथ्यांक संकलन गरी गाउँ शिक्षा समिति समक्ष पेश गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा गाउँपालिकाका शिक्षा अधिकृत वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |
| ४५. | **असहाय तथा विपन्न विद्यार्थी निःशुल्क शिक्षा कार्यक्रम** | असहाय तथा विपन्न वालवालिकाहरुलाई विद्यालय शिक्षाबाट वञ्चित हुन नदिने । | १. गाउँपालिकाको शिक्षा शाखाले सम्पूर्ण वडा कार्यालयहरुमार्फत गाउँपालिका भित्रका विद्यालय उमेरका असहाय तथा विपन्न वालवालिकाहरुको तथ्याङ्क संकलन गर्नेछ ।<br>२. गाउँपालिका भित्रका सम्पूर्ण असहाय तथा विपन्न वालवालिकाहरुलाई शिक्षा शाखाको समन्वयमा विद्यालय भर्ना गरिनेछ ।<br>३. गाउँ शिक्षा समितिको निर्णयानुसार असहाय तथा विपन्न विद्यार्थीहरुलाई विद्यालय अध्ययनको लागी आवश्यक पोशाक तथा स्टेशनरीको लागी प्रति विद्यार्थी रु. १०००० का दरले वितरण गरिनेछ ।<br>४. यस कार्यक्रमको प्रभावकारिताको लागि शिक्षा शाखा प्रमुखलाई फोकल पर्सन तोकिने छ ।<br>५ आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ४६. | **प्राविधिक छात्रवृत्ती कार्यक्रम** | समुदायका विद्यार्थिहरुलाई प्राविधिक शिक्षाप्रति आकर्षण बढाई सीपयुक्त जनशक्ति उत्पादन गर्ने । | १. गाउँपालिका भित्रका प्राविधिक शिक्षा अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थिलाई गाउँ शिक्षा समितिको निर्णय बमोजिमको प्राविधिक शिक्षा छात्रवृत्ती प्रदान गरिनेछ ।<br>२. यस कार्यक्रमको लागि गाउँपालिकाको शिक्षा शाखाले तथ्यांक संकलन गरी गाउँ शिक्षा समिति समक्ष पेश गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा गाउँपालिकाका शिक्षा अधिकृत वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |
| ४७. | **बुहारी छात्रावृत्ती कार्यक्रम** | विद्यालय शिक्षा पुरा नगरी वैवाहिक जीवनमा प्रवेश गरेका बुहारीहरुलाई शिक्षाप्रति आकर्षण बढाउने । | १. यस कार्यक्रमको लागि गाउँपालिकाको शिक्षा शाखाले तथ्यांक संकलन गरी गाउँ शिक्षा समिति समक्ष पेश गर्नेछ ।<br>२. गाउँ शिक्षा समितिको निर्णयबमोजिम औपचारिक शिक्षा अधुरो भएको २० वर्ष उमेर पुरा भएपछि विवाह गरेका विवाहित बुहारीहरुलाई बुहारी छात्रवृत्ती प्रदान गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा गाउँपालिकाका शिक्षा अधिकृत वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ४८. | दलित उच्च शिक्षा प्रोत्साहन कार्यक्रम | उपेक्षित र उत्पीडित दलित समुदायका विद्यार्थीहरुलाई उच्च शिक्षा प्रदान गरी सशक्तिकरण गर्ने । | १. गाउँपालिकाको शिक्षा शाखाले दलित समन्वय समितिको समन्वयमा उच्च शिक्षा हाँसिल गर्दै गरेका दलित विद्यार्थीहरुको तथ्यांक संकलन गर्नेछ ।<br>२. गाउँ शिक्षा समितिको निर्णयानुसार यस कार्यक्रम अन्तर्गत १०+२ अध्ययनरत दलित विद्यार्थीलाई प्रति विद्यार्थी रु.५०००/ र स्नातक तह अध्ययनरत दलित विद्यार्थीलाई प्रति विद्यार्थी रु.१००००/ प्रोत्साहन खर्च उपलब्ध गराइनेछ ।<br>३. गाउँपालिकाको शिक्षा शाखा प्रमुख यस कार्यक्रमको फोकल पर्सन रहनेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |
| ४९. | चेपाङ्ग छात्रा विद्यालय शिक्षा प्रोत्साहन कार्यक्रम | सिमान्तकृत चेपाङ्ग समुदायको छात्रालाई छात्रावृत्ति मार्फत विद्यालय शिक्षाप्रति आकर्षण बढाउँदै बाल विवाह न्यूनीकरण गर्ने । | १. यस कार्यक्रमको लागि गाउँपालिकाको शिक्षा शाखाले तथ्यांक संकलन गरी गाउँ शिक्षा समिति समक्ष पेश गर्नेछ ।<br>२. गाउँ शिक्षा समितिको निर्णयबमोजिम छात्रावृत्तिमा दोहोरोपना नपर्ने गरी सिमान्तकृत चेपाङ्ग समुदायको छात्रालाई छात्रवृत्ती प्रदान गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा गाउँपालिकाका शिक्षा अधिकृत वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ५०. | **एक विद्यालय एक ल्यापटप कार्यक्रम** | आधारभूत विद्यालयहरुको शैक्षिक तथा संस्थागत सक्षमता सुदृढीकरण गर्ने। | १. गाउँपालिकाको शिक्षा शाखाले आधारभूत विद्यालयहरु मध्ये उत्कृष्ट ७ विद्यालय छनौट गरी गाउँ शिक्षा समितिमा पेश गर्नेछ।<br>२. गाउँ शिक्षा समितिले आवश्यक छलफल गरी पेश भएका ७ मध्येबाट उत्कृष्ट ५ विद्यालय छनौट गरी कार्यक्रम कार्यन्वयन गर्न शिक्षा शाखालाई आवश्यक निर्देशन दिनेछ।<br>३. गाउँपालिका तथा वडा कार्यालयहरुबाट कार्यक्रमहरुको नियमित अनुगमन गरिनेछ। | |
| ५१. | **अनुदान शिक्षक तलब भत्ता** | बाल विकास सहजकर्ता तथा विद्यलय कर्मचारीलाई उत्प्रेरित गर्दै शैक्षिक गुणस्तर बढाउने। | १. गाउँपालिकाको शिक्षा शाखाले गाउँपालिकाभरिका विद्यालयहरुको विद्यार्थी संख्या समेतलाई मध्यनजर गर्दै दरवन्दी नपुग भएका विद्यालयमा आवश्यक शिक्षक संख्या एकिन गरी गाउँ शिक्षा समितिसमक्ष पेश गर्नेछ।<br>२. शिक्षा शाखाले पेश गरेको विवरणको आधारमा गाउँपालिकाको गाउँ शिक्षा समितिले शिक्षक नपुग भएका विद्यालयहरुमा पठनपाठनलाई सहज वनाउन आवश्यक संख्यामा निजी श्रोतबाट शिक्षक राख्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ।<br>३. गाउँ शिक्षा समितिको सिफारिसका आधारमा गाउँ कार्यपालिकाले उल्लेखित शीर्षकमा विनियोजिति बजेट रकमसमेतलाई दृष्टिगत गरी निर्णय गर्नेछ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ। | |

| | | | | |
|---|---|---|---|---|
| ५२. | **शिक्षा सम्बन्धी अन्य नियमित कार्यक्रमहरु** | शिक्षा क्षेत्रको सुदृढिकरण गर्दै गाउँपालिकाका विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने । | १. गाउँपालिकाको शिक्षा शाखाले कार्यक्रम कार्यान्वयनको कार्ययोजना र कार्यतालिका गाउँ शिक्षा समितिमा पेश गर्नेछ ।<br>२. गाउँ शिक्षा समितिले आवश्यक छलफल गरी कार्यक्रम कार्यन्वयन गर्न शिक्षा शाखालाई आवश्यक निर्देशन दिन सक्नेछ ।<br>३. गाउँ कार्यपालिका र गाउँ शिक्षा समितिको निर्देशानुसार प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र समन्वयमा रहेर शिक्षा शाखाले आवश्यकता अनुसार अन्य शाखा तथा इकाईहरुसँग समन्वय गरी शिक्षा सम्वन्धी नियमित प्रकृतिका कार्यक्रमहरु कार्यन्वयन गर्नेछ ।<br>३. गाउँपालिका तथा वडा कार्यालयहरुबाट कार्यक्रमहरुको नियमित अनुगमन गरिनेछ । | |
| **स्वास्थ्य** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५३. | **राक्सिराङ्ग अस्पताल सञ्चालन तथा व्यवस्थापन खर्च** | राक्सिराङ्ग अस्पताललाई श्रोत तथा साधन सम्पन्न वनाई आधारभूत स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी वनाउने । | १. न्यूनतम् मापदण्ड सहित राक्सिराङ्ग अस्पताल सञ्चालन गर्न आवश्यक श्रोतको व्यस्था गरी अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार विनियोजित रकमलाई खर्च गरिनेछ ।<br>२. उल्लेखित रकम गाउँपालिकाको खाताबाटै वा अस्पतालको खाताबाट प्रचलित कानुन वमोजिम खर्च गरिनेछ ।<br>३. आवश्यकतानुसार यस कार्यको अनुगमन गाउँपालिकाबाट गरिनेछ । | |
| ५४. | **सुत्केरी आमा पोषिलो खाना कार्यक्रम** | मातृ तथा शिशु मृत्युदरमा न्यूनीकरण गर्दै सुत्केरी आमालाई पोषणयुक्त खानामा सहयोग गर्ने । | १. न्यूनतम चार पटक गर्भ परीक्षण गराएका, स्वास्थ्य संस्था वा स्वास्थ्य संस्थाले रेफर गरेको अस्पतालमा प्रसुति गराएका सुत्केरी आमालाई ३५ दिन भित्र वडा कार्यालयमा नवजात शिशुको जन्मदर्ता गराएमा गाउँपालिका उपाध्यक्ष वा वडाध्यक्षको रोहवरमा वडा सचिवले रु ५,०००। (पाँच हजार मात्र) उपलब्ध गराउनेछ ।<br>२. यस कार्यको लागि प्रत्येक वडाका वडा सचिवलाई पेश्की रकम उपलब्ध गराइनेछ र जन्मदर्ता गराउँदाको बखतमा उक्त रकम वितरण गरिनेछ ।<br>३. आवश्यकतानुसार यस कार्यको अनुगमन गाउँपालिकाबाट गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ५५. | **स्वास्थ्य संस्था सञ्चालन खर्च** | स्वास्थ्य संस्थाहरुबाट प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहलाई प्रोत्साहन गर्ने । | १. स्वास्थ्य चौकीहरुलाई मासिक रु. ५,०००। र सामुदायिक स्वास्थ्य केन्द्रहरुलाई मासिक रु. २५००। का दरले संस्था सञ्चालन खर्च गाउँपालिकाले उपलब्ध गराउनेछ ।<br>३. यसरी उपलब्ध रकमलाई स्वास्थ्य संस्था सञ्चालका शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ ।<br>४.आवश्यकतानुसार उक्त रकमको सहि सदुपयोग भए, नभएको विषयमा आर्थिक प्रशासन शाखाबाट अनुगमन गरिनेछ । | |
| ५६. | **स्वास्थ्य शिविर सञ्चालन गर्ने** | नागरिकहरुको सुस्वास्थ्य जीवन यापन गर्न पाउने हकको सुनिश्चितता गर्ने । | १. अपांगता भएका व्यक्तिहरु, वृद्ध, वृद्धा, एकल ताथ विपन्न महिलाका साथै आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्गको स्वास्थ्य परीक्षण गर्न फागुन महिनामा वृहत्त स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।<br>२. आवश्यकतानुसार विषय विज्ञ चिकित्सक मार्फत राक्सिराङ्गवासीको स्वास्थ्य परीक्षण गरिनेछ ।<br>३. स्वास्थ्य शिविर सञ्चालको समन्वय र व्यवस्थापन स्वास्थ्य शाखाले गर्नेछ ।<br>४. आवश्यकता अनुसार गाउँपालिका तथा वडा कार्यालयहरुबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ५७. | आमा बाउ बचाउ कार्यक्रम | ७० वर्ष उमेर पुगेका वृद्ध,वृद्धा आमा, वुवाका स्वास्थ्य समस्या सम्बोधन गर्दै जेष्ठ नागरिकमैत्री समाज निर्माण गर्ने । | १. समाजमा ७० वर्ष उमेर पुरा गरेका आमा, वुवाका स्वास्थ्य समस्या समाधान गर्न एक छुट्टै डेस्कको स्थापना गरिनेछ ।<br>२. यो कार्यक्रम गाउँपालिका र पाटन अस्पताल वीच भएको सम्झौता र सहमति अनुसार सञ्चालन हुनेछ ।<br>३. उक्त डेस्कमा खटिने कर्मचारीले आमा, वुवाका स्वास्थ्य समस्याहरु संकलन गरी टेलिमेडिसिनको माध्यमबाट पाटन अस्पतालका वरिष्ट चिकित्सकसँग परामर्श गरी, गराई समस्या समाधानमा समन्वयात्मक भुमिका खेल्नेछ ।<br>४. स्वास्थ्य शाखाले यस कार्यक्रमको कार्यान्वयनमा आवश्यक समन्वय र सहयोग गर्नेछ ।<br>५. आवश्यकतानुसार गाउँपालिकाबाट अनुगमन गरिनेछ । | |
| ५८. | पोषण सम्वन्धी कार्यक्रमहरु | आर्थिक रुपले विपन्न समुदायमा पोषणको सुनिश्चितता गर्ने । | १. आर्थिक रुपले विपन्न समुदायमा पोषणयुक्त खानेकुराको व्यवस्थापन गर्न स्वास्थ्य शाखाले वार्षिक बजेटले व्यवस्था गरेवमोजिम सुनौला हजार दिन लगायतका कार्यक्रमहरु सञ्चालन गर्नेछ ।<br>२. स्वास्थ्य शाखाले सामाजिक विकास समिति र गाउँ कार्यपालिकाले दिएको निर्देशन अनुसार प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र समन्वयमा रहेर पोषण सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्नेछ ।<br>३. आवश्यकतानुसार गाउँपालिकाबाट समय-समयमा अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ५९. | **एच.आई.भी. संक्रमितलाई पोषण भत्ता** | एच.आई.भी. संक्रमितलाई समाजमा मूलप्रवाहीकरण गर्ने । | १. स्वास्थ्य शाखाले एच.आई.भी. संक्रमितको तथ्यांक संकलन गरी सामाजिक विकास समितिमा पेश गर्नेछ ।<br>२. सामाजिक विकास समितिले विनियोजित बजेटसमेतलाई ध्यानमा राखेर एच.आई.भी. संक्रमितलाई निश्चित रकम मासिक पोषण भत्ताको रुपमा दिन निर्णय गर्नेछ ।<br>२. स्वास्थ्य शाखाले सामाजिक विकास समिति र गाउँ कार्यपालिकाले दिएको निर्देशन अनुसार प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र समन्वयमा रहेर एच.आई.भी. संक्रमितलाइ पोषण सम्वन्धी अन्य कार्यक्रमहरु सञ्चालन गर्नेछ ।<br>३. आवश्यकतानुसार गाउँपालिकाबाट समय-समयमा अनुगमन गरिनेछ । | |
| ६०. | **स्वास्थ्य विमा सहयोग कार्यक्रम** | स्वास्थ्य विमा प्रति सचेतना जगाउँदै विपन्न परिवारको स्वास्थ्य विमामा सहयोग गर्ने । | १. अपांगता भएका व्यक्तिहरु, वृद्ध, वृद्धा, एकल ताथ विपन्न महिलाका साथै आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्गको स्वास्थ्य सेवाको सुनिश्चितता गर्न स्वस्थ्य विमा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. स्वास्थ्य विमा कार्यक्रम कुन क्षेत्रमा वा कसलाई, कहाँ, कहिले गर्ने भन्ने विषयमा सामाजिक विकास समतिको सिफारिसमा गाउँ कार्यपालिकाले मंसिर महिना भित्र निर्णय गर्नेछ ।<br>३. कार्यपालिकाको निर्णयानुसार स्वास्थ्य शाखाले स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयन गर्नेछ ।<br>४. आवश्यकता अनुसार गाउँपालिका तथा वडा कार्यालयहरुबाट अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ६१. | **स्वास्थ्य सेवा सम्वन्धी अन्य नियमित कार्यक्रमहरु** | राक्सिराङ्गवासीलाई सर्वसुलभ रुपमा प्रभावकारी स्वस्थ्य सेवा उपलब्ध गराउने । | १. राक्सिराङ्गवासीलाई सर्वसुलभ रुपमा प्रभावकारी स्वस्थ्य सेवा उपलब्ध गराउन गाउँ सभा, गाउँ कार्यपालिकाबाट भएका निर्णय अनुसारका कार्यक्रम लगायतका नियमित प्रकृतिका स्वास्थ्य सेवा सम्वन्धी कार्यक्रमहरु स्वास्थ्य शाखाले सञ्चालन गर्नेछ ।<br>२. स्वास्थ्य शाखाले सामाजिक विकास समिति र गाउँ कार्यपालिकाले दिएको निर्देशन अनुसार प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र समन्वयमा रहेर स्वास्थ्य सेवा सम्वन्धी नियमित कार्यक्रमहरु सञ्चालन गर्नेछ ।<br>३. आवश्यकतानुसार गाउँपालिकाबाट समय-समयमा अनुगमन गरिनेछ । | |
| **खेलकुद** | | | | |
| ६२. | **खेलकुद सम्बन्धी अन्य कार्यक्रमहरु** | | १. गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखाले स्थानीय खेलकुद विकास समितिको समन्वयमा कार्यक्रम सञ्चालन कार्यतालिका बनाउनेछ ।<br>२. कार्यतालिकाअनुसार शिक्षा, यूवा तथा खेलकुद शाखाले कार्यक्रमहरु सञ्चालन गर्नेछ ।<br>३ आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |

| महिला वालवाकिा तथा ज्येष्ठ नागरिक<br>(उपाध्यक्ष उद्यमशिलता कार्यक्रम) | | | | |
|---|---|---|---|---|
| ६३. | समूह समितिका सदस्यलाई अनुशिक्षण | महिला समूह र समितीका सदस्यहरुको भूमिकालाई प्रभावकारी बनाउने | १. गाउँपालिकाभरि गठन गरिएका महिला समूह तथा समिति सदस्यहरुको कार्यगतक्षमता अभिबृद्धी गर्न अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिकाको सामाजिक विकास शाखाले सम्पूर्ण वडाहरुमा महिला समूह समितिका सदस्यहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सामाजिक विकास शाखाको महिला तथा वालवालिकाको विषय हेर्ने कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिका तथा वडा कार्यालयबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ६४. | ब्युटिसियन तालिम | सीप सिकाई महिला वर्गलाई आत्मनिर्भर बनाउने । | १. आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिलाहरुलाई उपाध्यक्ष उद्यमशिलता कार्यक्रम अन्तर्गत व्युटिसियन तालिमको लागि सूचना आब्हान गरिनेछ ।<br>२. सामाजिक विकास शाखालो विज्ञद्धारा आफैं वा गैर सरकारी संस्था वा महिला, आमा समूह वा सहकारी वा व्यक्तिगत फर्मसँग प्रस्ताव आब्हान गरी आर्थिक तथा प्राविधिक दृष्टिकोणले अव्वल संस्था वा समूह वा सहकारी वा फर्म छनौट गरी कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्नेछ ।<br>३. छनौट भएको संस्था वा समूहले प्रत्येक वडाबाट कम्तिमा १/१ जना महिलालाई सहभागी गराई व्युटिसियन तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।<br>४.गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा सामाजिक विकास शाखा प्रमुख वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>५. आवश्यकतानुसार गाउँपालिकाले कार्यक्रमको अनुगमन गर्नेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ६५. | **हिंसा प्रभावित महिलाहरुको आपतकालीन उद्धारकोष** | हिंसामा परेका महिलाहरुलाई तत्काल उद्धार गरी आश्रय दिने । | १. गाउँपालिकाको महिला विकास इकाईले एक उद्धार कोष स्थापना गर्नेछ ।<br>२. उक्त कोषमा गाउँ सभाद्धारा विनियोजित रकम, संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम, अन्य कुनै संघ, संस्थाबाट प्राप्त रकम जम्मा गरी हिंसा पीडित महिलाहरुको आपत्कालीन उद्धार तथा व्यवस्थापनमा खर्च गरिनेछ ।<br>३. सामाजिक विकास समितिले आवश्यकतानुसार निर्णय तथा निर्देशन दिन सक्नेछ ।<br>४. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा महिला विकास इकाई प्रमुख वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>५. आवश्यकतानुसार गाउँपालिकाले कार्यक्रमको अनुगमन गर्नेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ६६. | महिलाको लागि विभिन्न सीपमूलक कार्यक्रम | सीप सिकाई महिला वर्गलाई आत्मनिर्भर बनाउने । | १. आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिलाहरुलाई उपाध्यक्ष उद्यमशिलता कार्यक्रम अन्तर्गत मागको आधारमा महिलाको लागि विभिन्न तालिम कार्यक्रम सामाजिक विकास शाखाले सञ्चालन गर्नेछ ।<br>२. सामाजिक विकास शाखालो विज्ञद्धारा आफैं वा गैर सरकारी संस्था वा महिला, आमा समूह वा सहकारी वा व्यक्तिगत फर्मसँग प्रस्ताव आब्हान गरी आर्थिक तथा प्राविधिक दृष्टिकोणले अव्वल संस्था वा समूह वा सहकारी वा फर्म छनौट गरी कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्नेछ ।<br>३. छनौट भएको संस्था वा समूहले प्रत्येक वडाबाट कम्तिमा १० जना महिलालाई सहभागी गराई तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।<br>४.गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा सामाजिक विकास शाखा प्रमुख वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>५. आवश्यकतानुसार गाउँपालिकाले कार्यक्रमको अनुगमन गर्नेछ । | |
| **लैंगिक समानता तथा सामाजिक समावेशीकरण** | | | | |
| **दलित लक्षित तर्फ** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६७. | **मागको आधारमा दलित कार्यक्रम** | दलितहरुको परम्परागत पेशा र व्यवसायलाई आधुनिक र प्रविधिमैत्री बनाई व्यावसायिक बनाउने | १. सामाजिक विकास शाखले गाउँपालिका भित्रका विपन्न दलितहरुको तथ्याङ्क संकलन गरि आवश्यकत पहिचान गर्नेछ ।<br>२. गाउँपालिकाको सामाजिक विकास शाखामार्फत दलित समुदायको माग वमोजिमको कार्यक्रम गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा सामाजिक विकास शाखा प्रमुख वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाले कार्यक्रमको अनुगमन गर्नेछ । | |
| **आदिवासी जनजाती लक्षित कार्यक्रम** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६८. | **मागको आधारमा आदिवासी जनजाती लक्षित कार्यक्रम** | मागको आधारमा आदिवासी जनजातीको नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रममार्फत आर्थिक सामाजिक स्थीति सुधार गर्ने । | १. आदिवासी जनजाती हकहितको क्षेत्रमा कार्यरत संस्थाहरुसँग सामाजिक विकास शाखाले आर्थिक सामाजिक रुपले पछि परेका आदिवासी जनजातीहरुको लागि नेतृत्व तथा क्षमता विकासका लागि आवश्यक कार्यक्रम प्रस्ताव गर्न सूचना गर्नेछ ।<br>२. गाउँपालिकाको सामाजिक विकास शाखामार्फत आदिवासी जनजातीको माग वमोजिमको कार्यक्रम गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सामाजिक विकास शाखा प्रमुख वा अन्य कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिका तथा वडा कार्यालयबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |
| **अपांगता लक्षित कार्यक्रम** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६९. | मागको आधारमा अपांगता लक्षित कार्यक्रम | अपाङ्गता भएका व्यक्तिहरुको मागको आधारमा सीपमूलक कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर बनाउने । | १. अपांगता भएका व्यक्तिको हकहितको क्षेत्रमा कार्यरत सामाजिक संस्थाहरुसँग सामाजिक विकास शाखाले क्षमता विकासका लागि आवश्यक कार्यक्रम प्रस्ताव गर्न सूचना गर्नेछ ।<br>२. गाउँपालिकाको सामाजिक विकास शाखामार्फत अपांगता भएका व्यक्तिको माग वमोजिमको कार्यक्रम गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सामाजिक विकास शाखा प्रमुख वा अन्य कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिका तथा वडा कार्यालयबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |
| **मानव वेचविखन रोकथाम तथा नियन्त्रण** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७०. | **मानव वेचविखन रोकथाम तथा नियन्त्रण उद्धार कोष** | मानव वेचविखनमा परेका पीडितलाई तत्काल उद्धार गरी पुनर्स्थापना गर्ने । | १. सामाजिक विकास शाखाले मानव वेचविखनमा परेका पीडितको तत्काल उद्धार गरी समाजमा पुनर्स्थापना गर्न एक कोषको स्थापना गर्ने प्रवन्ध मिलाउनेछ ।<br>२. उक्त कोषमा गाउँ सभाबाट विनियोजित रकम, संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम तथा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त रकम रहनेछ ।<br>३. सामाजिक विकास समितिको सिफारिसका आधारमा गाउँ कार्यपालिकाको निर्णय अनुसार उक्त कोषबाट रकम खर्च गरिनेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |
| **ज्येष्ठ नागरिक लक्षित कार्यक्रम** | | | | |
| ७१. | **मागको आधारमा ज्येष्ठ नागरिक लक्षित कार्यक्रम** | समुदायका ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्ने उहाँहरूको अनुभव र योगदानको कदर गर्ने । | १. ज्येष्ठ नागरिकको मागको आधारमा उपयुक्त कार्यक्रम वा गाउँपालिकाको सामाजिक विकास शाखाले सबै वडामा जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालनको ढाँचा तयार गरि कार्यक्रम सञ्चालन गर्नेछ ।<br>२. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा सामाजिक विकास शाखा प्रमुख वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>३. आवश्यकतानुसार गाउँपालिकाले कार्यक्रमको अनुगमन गर्नेछ । | |

| | | | | |
|---|---|---|---|---|
| **वालवालिका लक्षित कार्यक्रम** | | | | |
| ७२. | **वालवालिका लक्षित कार्यक्रम** | समुदायका वालवालिकाहरुलाई समूहमा आवद्ध गराई बाल अधिकारको सुनिश्चीततताको लागी परिचालन गर्ने । | १. गाउँपालिकाको सामाजिक विकास शाखाले प्रत्येक वडाहरुमा बाल क्लव गठन गर्नेछ ।<br>२. स्थानीय बालबालिकाको बाल अधिकार उपयोगको अवस्था अध्ययन गरि वाल अधिकारका विभिन्न आयामहरुको सुनिश्चिततताको लागी गठित वाल क्लबहरुलाई परिचालन गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा महिला, वालवालिका इकाई प्रमुख वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाले कार्यक्रमको अनुगमन गर्नेछ । | |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | | | | |
| ७३. | **स्थानीय विपद् व्यवस्थापन कोष** | आकस्मिक रुपमा आइपर्ने विपद्, जोखिम, महामारीको अवस्थाबाट तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गर्ने । | १. स्थानीय स्तरमा आइपर्ने प्राकृतिक विपद्, जोखिम, महामारी, भोकमारी जस्ता संकटको अवस्थाबाट स्थानीयवासीलाई सुरक्षित राख्न गाउँ सभाले स्वीकृत गरेको रकम यस कोषमा राखिनेछ ।<br>२. नेपाल सरकार, प्रदेश सरकार वा अन्य कुनै संघ, संस्था वा व्यक्तिले सहयोग स्वरुप दिएको नगद पनि यसै कोषमा राखिनेछ ।<br>३. यो कोषबाट प्राकृतिक विपद्, संकट, महामारीको अवस्थामा रकम खर्च गरिनेछ ।<br>४. कोरोना भाइरस (COVID-19) को रोकथाम तथा नियन्त्रण गर्न यसै कोषबाट खर्च गरिनेछ ।<br>५. यो कोष सञ्चालन सम्वन्धी अन्य कुराहरु स्वीकृत कार्यविधि वमोजिम हुनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ७४. | **सामुदायिक वन उपभोक्ता समुहहरुलाई सशक्तिकरण तालिम** | सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुको क्षमता विकास गर्ने । | १. स्थानीय स्तरमा कार्यरत सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुको क्षमता विकास गर्न, व्यवस्थापन पक्षमा सुधार गर्न सशक्तिकरणका तलीम कार्यक्रम सञ्चालन गर्ने ।<br>२. विषय विज्ञबाट सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुको क्षमता विकास सम्वन्धी कार्यक्रमको ढाँचा तयार गाराई तालीम कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |
| ७५. | **फोहरमैला व्यवस्थापन कार्यक्रम** | बजार क्षेत्रको फोहोर व्यवस्थापन गरी सफा र स्वाच्छ बजारको विकास गर्ने । | १. स्थानीय बजार क्षेत्रका व्यवसायीहरुसँग परामर्श गरी बजार क्षेत्रको फोहोर व्यवस्थापनको खाका निर्माण गरिनेछ ।<br>२. गाउँपालिकाले फोहोर व्यवस्थापनको लागि आवश्यक फोहोर व्यवस्थापन सामाग्री खरिद गर्ने, चेतनामुलक सन्देश प्रचार गर्ने र आवश्यक नीति नियम निर्माण गरि स्थानीय प्रहरी कार्यालय सँग समन्वय गरेर कार्यान्वयन गर्नेछ ।<br>३. स्थानीय जनप्रतिनिधिहरुको नेतृत्वमा सरसफाई अभियान सञ्चालन गर्नेछ ।<br>४. पलाँसे, चैनपुर लगायतका बजारको फोहोर व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइटको पहिचान गरिनेछ ।<br>५. यस कार्यक्रमको आवश्यक समन्वय र सहजिकरणको लागि गाउँपालिकाले एक जना फोकल पर्सनको व्यवस्था गर्नेछ । | |

| | | | | |
|---|---|---|---|---|
| **पूँजिगत परामर्शसम्वन्धी कार्यहरु** | | | | |
| ७६. | **पूँजिगत परामर्श सम्वन्धी कार्यहरु** | ठूला प्रकृतिका विकास निर्माणको कार्यलाई प्रभावकार बनाउने । | १. सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिमको प्रकृया पुरा गरी परामर्शदाता संस्थाबाट परामर्शका कार्यहरु गराइनेछ ।<br>२. योजना शाखा र प्राविधिक शाखाले आवश्यक सहजीकरणको काम गर्नेछन् ।<br>३. यस कार्यक्रमको आवश्यक समन्वय र सहजिकरणको लागि गाउँपालिकाले एक जना फोकल पर्सनको व्यवस्था गर्न सक्नेछ । | |
| **सुशासन सम्वन्धी कार्यक्रमहरु :** | | | | |
| ७७. | **सूचना संप्रेशण** | गाउँपालिकाबाट जनचेतनामूलक सूचनाहरु जनस्तरसम्म पुर्‍याउने । | १. गाउँपालिकाबाट जनचेतनामूलक सन्देश तथा सूचनाहरु स्थानीय पत्रपत्रिका, रेडियो मार्फत संप्रेशण गर्ने, गराउने ।<br>२. गाउँपालिकाको कार्यालयबाट उपलब्ध गराइने यस्ता सन्देश तथा सूचना एकद्धार प्रणालीबाट उपलब्ध गराइनेछ ।<br>३. सूचना तथा सन्देश संप्रेशण गर्ने कार्यको लागि गाउँपालिकाको कुनै कर्मचारीलाई फोकल पर्सन तोकिने छ ।<br>४. फोकल पर्सनले आवश्यकतानुसार चेतनामूलक सन्देश तथा सूचना संप्रेशण गराउने छ । | |

| | | | | |
|---|---|---|---|---|
| ७८. | रेडियो कार्यक्रम | सूचनाको हक र पारदर्शितालाई प्रवर्द्धन गर्ने । | १. गाउँपालिकाले सूचनाको हक र पारदर्शितालाई प्रवर्द्धन गर्न समृद्ध राक्सिरङ्ग रेडियो कार्यक्रम, जनतासँग जनप्रतिनिधि रेडियो कार्यक्रम सञ्चालन गर्नेछ ।<br>२. सूचना प्रविधि शाखाले यस्ता कार्यक्रमहरु सञ्चालन गर्न प्रतिस्पर्धाको आधारमा स्थानीय रेडियोहरुलाई दिनेछ ।<br>३. गाउँपालिकाबाट आवश्यकतानुसार अनुगमन गरिनेछ । | |
| ७९. | वडा तथा पालिकास्तरीय सार्वजनिक सुनुवाई | जवाफदेहिता प्रवर्द्धन गर्ने । | १. जवाफदेहिता सम्बन्धी अनुभव भएको तेस्रो पक्ष वा संस्थाबाट प्रस्ताव माग गरि प्रत्येक वडामा सार्वजनिक सुनुवाई गर्न गाउँपालिकाले सम्झौता गर्नेछ ।<br>२. सरोकारवालाहरुको उपस्थितिमा वर्षको एक पटक गाउँपालिका र प्रत्येक वडामा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।<br>३. सार्वजनिक सुनुवाईको प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ८१. | **सम्मान तथा पुरस्कार कार्यक्रम** | स्वस्थ प्रतिस्पर्धाको माध्यम बाट उत्कृष्ट कार्यसम्पादनको वातावरण निर्माण गर्ने । | १. शिक्षा, स्वास्थ्य, वन, वातावरण संरक्षण, वडा तथा गाउँपालिकाको कार्यालयका कर्मचारी लगायत सवै क्षेत्रमा काम गर्ने संघ, संस्था, विद्यालयहरुको कार्यसम्पादनको आधारमा उत्कृष्ट कार्यसम्पादन भएकाहरुलाई पुरस्कृत तथा सम्मान गर्ने ।<br>२. गाउँपालिकाको प्रशासन शाखाले तथ्यांक संकलन गरी मूल्यांकन समिति समक्ष पेश गर्नेछ ।<br>३. मूल्यांकन समितिले सवै क्षेत्रमा अब्बल ठहरिएका जनप्रतिनिधि, संघ, संस्था, शिक्षण संस्था, कर्मचारी छनौट गरी गाउँ सभाको हिउँदे अधिवेशनको समयमा सम्मान गर्नेछ । | |
| ८२. | **न्यायिक समिति तथा मेलमिलापकर्ताको तालिम** | न्यायिक समितिका सदस्य र मेलमिलापकर्ताहरुको क्षमता विकास गर्ने । | १. न्यायिक समितिका सदस्य तथा मेलमिलापकर्ताको क्षमता विकासका लागि आवश्यकताको पहिचान गरिनेछ ।<br>२. विषय विज्ञबाट आवश्यक देखिएका कार्यकक्रमहरुको ढाँचा तयार गाराई क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ८३. | **कर्मचारीहरुको क्षमता विकास** | कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी प्रभावकारी सेवा प्रवाह गर्ने । | १. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यकताको पहिचान गरिनेछ ।<br>२. विषय विज्ञबाट आवश्यक देखिएका कार्यकक्रमहरुको ढाँचा तयार गाराई क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि जनशक्ति विकास शाखाको कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । | |
| **खरिद सम्वन्धी कार्यहरु :** | | | | |
| ८४. | **सार्वजनिक खरिद सम्वन्धी कार्यहरु** | स्थानीय जनतालाई आवश्यक वस्तु तथा सेवा सहज र सरल ढंगले उपलब्ध गराउने । | १. गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका शाखा, वडा कार्यलायहरु लगायत इकाइहरुको लागि आवश्यक वस्तु तथा सेवा गाउँपालिकाको जिन्सी शाखाले सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि खरिद गर्नेछ ।<br>२. जिन्सी शाखाले सम्वन्धित शाखा, वडा कार्यालय वा इकाईले माग गरेको खण्डमा त्यस्ता वस्तु तथा सेवा सम्वन्धित शाखा, वडा वा इकाईलाई उपलब्ध गराउँनेछ ।<br>३. खानेपानी निर्माणको कार्य गर्दा पाइप खरिदको कार्य जिन्सी शाखाले गर्नेछ ।<br>४. सार्वजनिक खरिद कार्यको अनुगमन गाउँपालिकाबाट आवश्यकतानुसार हुनेछ । | |

| पूर्वाधार निर्माण | | | | |
|---|---|---|---|---|
| | **पूर्वाधार तर्फका सडक, भवन, लघु जलविद्युत, खानेपानी, विद्यालय भवन, पहिरो नियन्त्रण, सिंचाई लगायतका आयोजनाहरुको निर्माण तथा मर्मत सम्वन्धी कार्यहरु** | गाउँपालिकामा पूर्वाधार विकास कार्यलाई व्यवस्थित ढंगले तिव्रता दिने । | **१. उपभोक्ता समिति गठन :**<br>(क) रु. ५ लाखसम्म लागत अनुमान भएका आयोजना कार्यान्वयनको लागि वडा अध्यक्ष वा सदस्यको रहोबरमा र रु. ५ लाख भन्दा बढीको लागत अनुमान भएका आयोजना कार्यक्रम उपाध्यक्षको रहोवरमा उपभोक्ताहरुको भेलाले उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।<br>(ख) खण्ड (क) बमोजिम उपभोक्ता समिति गठन प्रयोजनको लागि लाभग्राहीहरुको भेला गराउँदा उपभोक्ता घरधुरी पहिचान गरि भेलामा कम्तिमा ७५ प्रतिशत उपस्थित हुनुपर्नेछ र सम्भव भएसम्म सर्वसम्मत नभए बहुमतीय प्रकृयाबाट निर्णयमा पुग्न सकिनेछ ।<br>(ग) उपभोक्ता समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष सहित बढीमा ९ जना सदस्यहरुको गठन गर्नुपर्नेछ र पदाधिकारीमध्ये कम्तिमा एक जना महिलाको प्रतिनिधित्व हुनेगरी समितिमा दलित, आदिवासी जनजाति, अल्पसंख्यक वर्ग, आर्थिक रुपले विपन्न व्यक्तिहरुको प्रतिनिधित्व सम्भव भएसम्म सुनिश्चित गरिनुपर्नेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ८५. | | | (घ) यदि उपभोक्ता समिति पहिला नै गठन भइसकेको भए बुँदा ख र ग अनुसार पूर्नगठन तथा भेला बाट अनुमोदन गराउनुपर्नेछ ।<br>(ङ) उपभोक्ता समितिको गठन मंसिर मसान्त सम्ममा गरिसक्नुपर्नेछ । र, गाउँपालिकामा सम्झौता गर्न आउँदा उपभोक्ता समिति गठन गर्ने सन्दर्भमा भएको भेलाको फोटो समेत पेश गर्नु पर्नेछ ।<br>२. गाउँपालिकाले वडामा खटाएका प्राविधिक वा गाउँपालिकाका प्राविधिक मार्फत विस्तृत अध्ययन तथा लागत अनुमान तयार गर्नेछ । उक्त लागत अनुमानको आधारमा उपभोक्ता समितिसँग सम्झौता गरेर कार्यान्वयन गर्नेछ ।<br>३. उपभोक्ता समितिको नाममा बैंक खाता सञ्चालन गर्नुपर्नेछ । रु. २५,०००। भन्दा माथीको सवै आर्थिक कारोबार बैंक मार्फत सञ्चालन हुनेछ ।<br>४. निर्माण आयोजना तर्फ ४ प्रतिशत कन्टिन्जेन्सी (२ प्रतिशत मर्मत सम्भार कोषमा र २ प्रतिशत अन्य विविध खर्च) काटिनेछ ।<br>५. उपभोक्ता समितिले अनिवार्य १० प्रतिशत श्रम सहभागिता गर्नुपर्नेछ ।<br>६. उपभोक्ता समितिले मंसिर ३० सम्ममा सम्झौता गरिसक्नुपर्नेछ ।<br>८. उपभोक्ता समितिद्धारा सञ्चालित सवै आयोजना तथा कार्यक्रम फागुन मसान्तसम्ममा फरफारक गरिसक्नुपर्नेछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | ९. सडक मर्मत तथा स्तरोन्नतीको आयोजना सञ्चालन गर्दा आवश्यकता हेरी न्यूनतम ६० प्रतिशत संरचनाको कार्य अनिवार्य गर्नुपर्नेछ ।<br>तर, नयाँ ट्याक खन्ने र सडक सरसफाईमा भने उपवुँदा नं. ९ आकर्षित हुनेछैन ।<br>१०. अन्य प्रावधानको हकमा उपभोक्ता समिति गठन, सञ्चालन,व्यवस्थापन सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको आयोजना संचालन विधि अनुरुप हुनेछ ।<br>११. बजेट रकम रु. ५० लाख रुपैयाँ वा सो भन्दा बढी भएका पूर्वाधार निर्माणका आयोजना तथा कार्यक्रमहरु ठेक्का प्रक्रियाबाट अघि बढाइनेछ । | |

**आज्ञाले,**
**युवराज आचार्य**
**प्रमुख प्रशासकिय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु २० मात्र ।**